नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

प.लि.नं. १२७३-२०/६८

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## CDS and Clearing Ltd

पत्र संख्या : २०७९/८० - ९९
चलानी नं. : ६२८

CDS and Clearing Ltd.

# विप्रेषण(रेमिटयान्स) बचत खाता खोली सिआरएन नम्बर लिने सूचना !!!

धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन गर्दा संगठित संस्था द्वारा निष्कासित शेयरको दश प्रतिशत शेयर नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि छुट्याई बाँडफाँट गर्नुपर्ने व्यवस्था गर्दै नेपाल धितोपत्र बोर्ड द्वारा जारी **"धितोपत्र निष्कासन तथा बाँडफाँट(छैठौं संशोधन) निर्देशिका, २०७९"** मिति २०७९।०७।१७ गते देखि लागू भइसकेकोले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकका लागि निष्काशन भएको धितोपत्र खरिद आवेदन दिन चाहने सम्पूर्ण नेपाली नागरिकले बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आश्वा सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आफ्नो **विप्रेषण (रेमिटयान्स) बचत खाता** खोली सि-आश्वा रजिष्ट्रेशन नम्बर (CRN) लिन सकिने व्यहोरा जानकारी गराइन्छ। यस प्रयोजनका लागि सम्पूर्ण सि-आश्वा सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थालाई सि-आश्वा प्रणालीमा आफ्ना ग्राहकको विप्रेषण (रेमिटयान्स) बचत खाता तथा सो को लागि प्रदान गरिने सिआरएन नम्बर प्रविष्टि गर्ने व्यवस्था गरि सकिएको व्यहोरा जानकारी गराइन्छ।

नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि छुट्टाइएको शेयरको खरिद आवेदनका दिनका लागि **विप्रेषण (रेमिटयान्स) बचत खाता उल्लेख गरि दर्ता गरिएको सिआरएन नम्बर** अनिवार्य रहेकाले यथाशीघ्र आफ्नो खाता रहेको बैंकमा सम्पर्क राखी सिआरएन नम्बर लिनुहुन अनुरोध गर्दै यसरी सिआरएन नम्बर प्राप्त गरिसकेको योग्य आवेदकले आरक्षित शेयर निष्कासनका क्रममा मेरो शेयर मार्फत नै खरिद आवेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ।

२०७९।०८।११

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।